सूचनाको हक सम्बन्धी ऐन, २०६४ को दफा ५(३) र नियमावलीको नियम ३ बमोजिम
सार्वजनिक गरिएको

# खानेपानी तथा सरसफाई कार्यालय रुपन्देही संग सम्बन्धित स्वतः प्रकाशन

# (Pro-active Disclosure)

२०८२ साल कार्तिक ०१ गतेदेखि २०८२ पौष मसान्त सम्म

## १. खानेपानी तथा सरसफाई कार्यालय, रुपन्देहीको स्वरुप र प्रकृतिः

रुपन्देही जिल्लामा आम जनसमुदायमा प्रयाप्त र सर्वसुलभ तरिकाले स्वस्छ, सुरक्षित र गुणस्तरीय खानेपानी वितरण गर्ने र पुर्ण सरसफाई युक्त जिल्ला बनाइ नागरिकको स्वास्थ्यमा सुधार तथा स्वस्थ फूर्तिला र जाँगरिला नागरिक मार्फत आर्थक समृद्धिमा टेवा पुर्याउने उदेश्यका साथ स्थापना भएको यस कार्यालयले स्थापना देखि नै खानेपानी सुविधा विकास तथा विस्तार, सरसफाइ प्रबर्द्धन शौचालय नर्माण र प्रयोगको लागि अभियान संचालन गरी लक्ष्य प्रेरित कार्य गर्दे आएकोमा हालका दिनहरुमा पनि खानेपानी तथा सरसफाइ क्षेत्रको पुर्वाधार विकास तथा प्रवर्द्धनको लागि ओभरहेड टंकी, डिपबोरीङ्ग, आयोजनाका अफिस तथा गार्डहाउसहरु र कम्पाउण्ड वाल निर्माण, हेण्डपम्प वितरण, खानेपानी गुणस्तर सुधारका लागि कार्यक्रम संचालन, पूर्ण सरसफाइको लागि विभिन्न तालिम तथा अभिमुखिकरण तथा नयाँ खानेपानी आयोजनाहरु सुरु हुनु पूर्व निर्माण पूर्व खानेपानी उपभोक्ता समितिको तालिम र सम्पन्न भए पछि निर्माण पश्चात खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको तालिम संचालन लगायतका काम गर्ने गरेको छ।

## २. खानेपानी तथा सरसफाई कार्यालय रुपन्देहीको काम कर्तव्य र अधिकारः

क. ओभरहड टयांक्की निर्माण
ख. डिप टुयूबवेल निर्माण
ग. कम्पाउन्ड वाल निर्माण
घ. पाइपलाइन विस्तार
ङ. उपभोक्ता समितिको लागी कार्यालय भवन निर्माण
च. सार्वजनिक शौचालय निर्माण
छ. सार्वजनिक स्थानमा वाटर एटिएम स्थापना
ज. रिफ्रेश सेन्टर निर्माण
झ. खानेपानी आयोजना मर्मत संम्भार/ सुधार विस्तार
ञ. खानेपानी सुरक्षा योजन सञ्चालनमा सम्पन्न आयोजनाका उपभोक्ता समितिलाई सहयोग
ट. पूर्ण सरसफाइ कार्यक्रम संचालन, सुरक्षित खानेपानी युक्त समूदाय घोषणा र सून्य फोहर अभयान संचालनमा प्राविधिक सहयोग ।
ठ. स्वीकृत कार्यक्रमको परिधि भित्र रही खानेपानी आयोजनाका निर्माण पूर्व र पश्चातका तालिमहरु संचालन

## ३. खानेपानी तथा सरसफाई कार्यालय रुपन्देहीको स्वीकृत दरबन्दी विवरण र अभिलेख

| सि.नं. | पद | दरवन्दी संख्या | पदपुर्ती | कैफियत |
|---|---|---|---|---|
| | <u>स्थायी तर्फ</u> | | | |
| १ | कार्यालय प्रमुख (डिभिजनल इन्जिनियर, अधिकृत नवौ) | १ | १ | |
| २ | इन्जिनियर (अधिकृत सातौ) | ३ | | ३ रित्त |
| ३ | प्रविधिक अधिकृत / सव इन्जिनियर (छैठौं/पाँचौ | ४ | ३ (१ जना करार) | १ रित्त |
| ४ | लेखा अधिकृत छैटौ | १ | १ | |
| ५ | प्रशासन अधिकृत छैटौ | १ | १ | |
| ६ | कम्प्युटर अधिकृत | १ | १ | |
| ७ | खा.पा.स.टे./ सव इन्जिनियर | १ | १ | |
| ८ | ह.स.चा. | १ | १ | |
| ९ | का.स. | १ | १(करार) | |
| | <u>अस्थायी तर्फ</u> | | | |
| १ | खापासटे चौथो | २ | २ (करार) | |
| २ | का.स. | २ | २ (करार) | |

## ४. खानेपानी तथा सरसफाई कार्यालय रुपन्देहीबाट प्रदान गरिने सेवाः-

क.खानेपानी तथा सरससफाई सम्बन्धी जनचेतना मूलक तालिम, गोष्ठी र अन्य चेतना मूलक कार्यक्रम

ख.भौतिक संरचनाको हकमा निर्माण पूर्वको तालिम

ग.ओभरहेड टयाङ्क निर्माण देखी खानेपानीको पाइपलाइन विस्तार

घ. सार्वजनिक स्थानमा शौचालय निर्माण

ङ. हेण्डपम्प निर्माण

च.भौतिक संरचनाको हकमा निर्माण पूर्व र पश्चातको उपभोक्ता समितिको तालिम

छ. खानेपानी तथा सरसफाइ उपभोक्ता समितिको भवन निर्माण

ज. खानेपानी तथा सरसफाइ उपभोक्ता समिति मार्फत निजी धारा वितरण

झ. खानेपानीको गुणस्तर सुधारका लागि खानेपानी सुरक्षा योजना संचालनमा प्रविधिक सहयोग

ञ. स्वीकृत बजेटको परिधि भित्र रही खानेपानी आयोजनाको मर्मत सुधार

ट. स्वीकृत बजेटको परिधि भित्र खानेपानी गुणस्तर सुधार कार्यक्रम

**Help Desk सञ्चालन**

कार्यालयबाट प्रवाह हुने सेवा प्राप्तिको प्रक्रियाका बारेमा सेवाग्राहीहरुलाई सहयोग गर्ने व्यवस्था मिलाइएको छ ।

## कार्यालयमा सूचना अधिकारीको व्यवस्था

यस कार्यालयका अधिकृत छैटौ श्री इश्वरी प्रसाद आचार्यलाइलाई सूचना अधिकारी तोकिएको छ ।

## ५.खानेपानी तथा सरसफाइ कार्यालय रुपन्देहीमा रहेका शाखा र जिम्मेवार अधिकारी

| सि.नं. | शाखाको नाम | जिम्मेवार अधिकारी | सम्पर्क नं |
|---|---|---|---|
| १ | कार्यलय सम्पुर्ण जिम्मेवारी | का.प्र. | ९८५७०८७३११ |
| २ | खानेपानी व्यवस्थापन शाखा | का.प्र. | ९८५७०८७३११ |
| ३ | सरसफाइ तथा तालिम शाखा | श्री इश्वरीप्रसाद आचार्य | ९८५७०८३२२४ |
| ४ | प्रशासन शाखा | श्री दिपक भट्टराई | ९८४७४०६५३४ |
| ५ | लेखा शाखा | श्री नारायण प्रसाद घिमिर | ९८४७०३१४६३ |

## ६. सेवा प्राप्त गर्न लाग्ने दस्तुर र अवधिः-

- समय/अवधिः- नियमानुसार
- दस्तुरः नलाग्ने

## ७. निर्णय गर्ने प्रक्रिया र अधिकारीः-

- कार्यविधि तथा नियमानुसार
- निर्णय गर्ने अधिकारीः- डिभिजन प्रमुख

## ८. निर्णय उपर उजुरी सुन्ने अधिकारीः-

- प्रचलित कानुन बमोजिम

## ९. सम्पादन गरेको कामको विवरणः-

- (२०८२ कार्तिक १ गते देखी २०८२ पौष मसान्त सम्म)

## १०. कार्यालय प्रमुख, सूचना अधिकारी र लैंगिक सम्पर्क अधिकारीको नाम र पदः-

| कार्यालय प्रमुख | सूचना अधिकारी | लैंगिक सम्पर्क अधिकारी | कैफियत |
|---|---|---|---|
| श्री प्रकाश के सी | श्री इश्वरी प्रसाद आचार्य | श्री इश्वरी प्रसाद आचार्य | |

## ११. ऐन, नियम ,विनियम वा निर्देशिकाको सूचीः-

- नेपालको संविधान २०७२
- खानेपानी तथा सरसफाई ऐन २०७९
- खानेपानी तथा सरसफाइ नियमावली २०८१
- खानेपानी गुणस्तर मापदण्ड २०७९
- सुरक्षित खानेपानी युक्त समूदाय निर्देशिका
- खानेपानी सुरक्षा योजना निर्देशिका

## १२. आम्दानी, खर्च तथा आर्थिक कारोबार सम्बन्धी अद्यावधिक विवरणः-

- आम्दानीः- कुल बार्षिक बजेट रु. १५५३२७०००।–

  (यस मध्ये रोक्का रु. २७५७६९५८।-)

  खर्च गर्न मिल्ने रु.१२७७५००४२।-
- खर्चः- २०८२ पौष मसान्त सम्म रु. २०३८८६११।७६
-

## १३. सूचनाको हक अन्तर्गत सूचनाको हक माग्ने र पाउनेको विवरणः-

वि सं २०८२ कार्तिक १ गते देखी २०८२ पौष मसान्त सम्म सूचनाको हक अन्तर्गत लिखित सूचना माग नगरेको तथापी फोन तथा मौखिक रुपमा मागिएको सूचना प्रदान गर्ने गरिएको ।

| | | |
|---|---|---|
| तयार गर्ने | कार्यालयको छाप | प्रमाणित गर्ने |
| (इश्वरीप्रसाद आचार्य) | | (प्रकाश के सी) |
| प्रविधिक अधिकृत | | डिभिजनल इन्जिनियर |
| सूचना अधिकारी | | कार्यालय प्रमुख |